# नेपालमा कम्युनिष्ट आन्दोलन
# बागलुङ जिल्ला एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको दशौँ पत्रको आवश्यकता
परिपूर्तीका लागि राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण
क्याम्पसमा प्रस्तुत गरिएको

## शोधपत्र

गोविन्दबहादुर नेपाली
त्रि.वि. रजि.नं. ३७५२६-९२
रोल नं. २३/०६४
राजनीतिशास्त्र विभाग
पृथ्वी नारायण क्याम्पस
पोखरा-२०६९

# नेपालमा कम्युनिष्ट आन्दोलन
# बागलुङ जिल्ला एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको दशौँ पत्रको आवश्यकता
परिपूर्तीका लागि राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण
क्याम्पसमा प्रस्तुत गरिएको

## शोधपत्र


गोविन्दबहादुर नेपाली
त्रि.वि. रजि.नं. ३७५२६-९२
रोल नं. २३/०६४
राजनीतिशास्त्र विभाग
पृथ्वी नारायण क्याम्पस
पोखरा-२०६९

**विषय :- सिफारिस-पत्र ।**

त्रिभुवन विश्वविद्यालय पृथ्वी नारायण क्याम्पस,पोखराबाट राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि मेरो निर्देशनमा र सुपरिवेक्षणमा श्री गोविन्दबहादुर नेपालीले **नेपालमा कम्युनिष्ट आन्दोलन : बागलुङ जिल्ला एक अध्ययन** विषयक शोधपत्र तयार पार्नु भएको छ । अतः उहाँले गरेको शोधकार्य सन्तुष्टीपूर्ण रहेको हुँदा अन्तिम स्वीकृतिको लागि सिफारिस गर्दछु ।

मिति :- ०६९/०५/१८ वि.सं.
सेप्टेम्वर ३, २०१२ ई.सं.

-----------------

**(सह-प्राध्यापक अग्नीधर पौडेल)**
**शोध निर्देशक तथा विभागीय प्रमुख**
**राजनीतिशास्त्र विभाग**
**पृथ्वीनारायण क्याम्पस**
**पोखरा**

त्रिभुवन विश्वविद्यालय
राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस,पोखरा

**विषय :- स्वीकृती पत्र ।**

त्रिभुवन विश्वविद्यालय पृथ्वी नारायण क्याम्पस,पोखराबाट राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि श्री गोविन्दबहादुर नेपालीले **नेपालमा कम्युनिष्ट आन्दोलन : बागलुङ जिल्ला एक अध्ययन** विषयमा तयार पारेको शोधपत्र उपाधि प्राप्तिको लागि उपयुक्त ठहरिएकोले स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**विभागीय प्रमुखः तथा सोध निर्देशक** : सह-प्राध्यापक अग्नीधर पौडेल ......................

**बाह्य परीक्षक** : सह-प्राध्यापक डा.ज्ञानवहादुर कार्की ..........................

**अनुसन्धान संयोजक** : उप-प्राध्यापक डा.उमानाथ वराल .......................

मिति :- २०६९/०५/२६ वि.सं.

सेप्टेम्वर ११,२०१२ ई.सं.

# सोधसार

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने बागलुङ जिल्ला पहाडी जिल्ला हो । यसलाई राजनैतिक रुपमा सचेत र जागरुक जिल्लाको रुपमा लिइन्छ । नेपालको राजनैतिक विकासक्रमसँगै यसले राजनैतिक विकासको गोरेटो कोरेको पाइन्छ । यस्तो कम्युनिष्ट आन्दोलनको ऐतिहासिक स्थल र हालका महत्वपूर्ण कम्युनिष्ट नेताहरुको खुला वा भूमिगत कार्यक्षेत्र भएको जिल्ला भएपनि व्यवस्थित अध्ययन अनुसन्धानमार्फत यो कुरा वाहिर आउन सकिरहेको थिएन भने यो जिल्लाको समग्र कम्युनिष्ट आन्दोलनको इतिहासका वारेमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान हुन सकिरहेको थिएन । जसका कारण यस विषयमा प्रशस्त भ्रमहरु उत्पन्न भैरहेका थिए । तसर्थ खुला या भूमिगत कालमा कुन कुन कम्युनिष्ट नेताहरुले वागलुङ जिल्लालाई आफ्नो कार्यक्षेत्र वनाए ? कम्युनिष्ट आन्दोलनको विकास र विस्तारका क्रममा वाहिरवाट गएर वा त्यहिँका स्थानीय व्यक्तित्वहरुको कस्तो योगदान रह्यो ? जिल्लामा कम्युनिष्ट विचारको अनौपचारिक र औपचारिक रुपमा प्रवेश कहिले भयो ? कम्युनिष्ट पार्टीको प्रवेश कहिले भयो ? जिल्लामा गैर कम्युनिष्ट पार्टीको तुलनामा कम्युनिष्ट पार्टीको अवस्था कस्तो छ ? उनीहरुले आफुहरुलाई अझ विकास र विस्तार गर्न के गर्नु पर्छ ? नेपालको कम्युनिष्ट आन्दोलनमा वागलुङको भुमिकाका सन्दर्भमा यस्तै प्रश्नहरुको जवाफ खोज्ने सम्वन्धमा यो सोधकार्यमा प्रयास गरिएको छ ।

अध्ययनमा तथ्यांकको प्रकृति मुख्यतया गुणात्मक र परिमाणात्मक दुवै प्रकारका रहेका हन्छन् । प्राथमिक र द्वितीय निम्न दुवै प्रकारका श्रोतहरु प्रयोग गरिएको छ :

१. प्राथमिक श्रोत

२. द्वितीय श्रोत

प्राथमिक तथ्याङ्क संकलन गर्दा प्रश्नावली तयार पारेर सोही प्रश्नावलीको आधारमा अग्रजहरुलाई भेट्ने, छलफल अन्तरक्रिया गर्ने , प्रस्नोत्तर गर्ने  गरी  तथ्यांक संकलन गरिएको छ ।

त्यसैगरि द्वितीय श्रोतबाट लिइएको तथ्यांकमा यस विषयमा पहिला लेखिएका विभिन्न लेख रचना,विभिन्न पुस्तक, पत्रपत्रिका र  निर्वाचन कार्यालयबाट प्राप्त मत तथ्यांकबाट सहयोग लिइएको छ ।

सोधपत्रले जिल्लाको कम्युनिष्ट आन्दोलन र क्रियाशिल कम्युनिष्ट पार्टीहरुका वारेमा निम्न निचोड निकालेको छ

- सोभियत संघको परिवर्तन, चिनिया नौलो जनवादी क्रान्ति, भारतबाट व्रिटिस साम्राज्यको अन्त्य, राणा शासनको अन्त्य र आधुनिक शिक्षा प्रणालीको नेपालमा सचेत युवाहरुलाई प्रभाव पारेको थियो । २००७ सालमा बागलुङ बजारमा रहेको युवाहरुको बीचमा युवक संगठन निर्माण भएको पाइन्छ । २००७ सालको परिवर्तन पश्चात् पाल्पाका चिरञ्जिवीलाल वैद्य ३ महिना बागलुङमा अध्यापनको सिलसिलामा आएर बसेका थिए । चिरंजिवीलाल वैद्यले कम्युनिष्ट विचार र प्रगतिशील साहित्यको प्रचार प्रसार गरेको पाईन्छ । तसर्थ कम्युनिष्ट आन्दोलनको बारेमा प्रचार प्रसार गर्ने पहिलो व्यक्ति चिरञ्जिवीलाल वैद्य भएको निचोड निकाल्न सकिन्छ ।
- २०११ सालतिर विद्यामन्दिर हाइस्कूलमा शिक्षकको रुपमा आएका हर्ष श्याम्बोले कम्युनिष्ट आन्दोलन र प्रगतिशील साहित्यको प्रचार प्रसार गरेको पाइन्छ । २०११ सालमा शैलेन्द्रकुमार उपाध्याय पनि बागलुङ बजारमा आएर कम्युनिष्ट विचारधाराको प्रचार प्रसार गरेको पाईन्छ ।
- २००६ सालमा नेकपाको स्थापना भएपनि बागलुङ जिल्लामा पार्टीको शुरुवात भने २०१२ सालमा भएको पाईन्छ । २०१२ सालमा निर्मल लामा, हिक्मत सिंह भण्डारी र लक्ष्मण राजवंशीले कम्युनिष्ट राजनीतिको प्रवेश गराएको देखिन्छ । तत्कालीन अवस्थामा पद्मोदय हाइस्कूल दरवार हाइस्कूल राजनीतिको केन्द्रविन्दु थिए । तत्कालिन अवस्थामा काठमाडौमा लेफ्ट ग्रुप थियो । त्यसले जिल्ला जिल्लामा पुगेर संगठन गर्नु पर्दछ । कम्युनिष्ट विचारधारा र आन्दोलनलाई गाउँ गाउँ पुऱ्याउनु पर्दछ भन्ने मान्यता थियो । २०२१ सालको पौष १४ र १५ गते बागलुङ जिल्लाका चित्र बहादुर के.सी. को नेतृत्वमा चित्र ब. शेरचन, रामलाल भट्टचन(हरिचौर), पिताम्बर पुन, भिमवहादुर पुन, देवेन्द्र सुवेदी (दुदिलाभाटी) रहेको जिल्ला संगठन कमिटी गठन भएको पाईन्छ ।
- २०२६ मा शिक्षक भई गल्कोट आएर हरिचैारमा वसेका झलनाथ खनाललाई राजतन्त्र विरोधी सांस्कृतिक कार्यक्रम गर्दा गिरफ्तार गरी जेल चलान गरेको र उहाँले करिव ७० दिन बागलुङ कारागारमा बन्दी जीवन विताउनु परेको साथै पछि धौलागिरी अञ्चलबाट उहाँलाई निश्कासन गरेको पाईन्छ ।

- जिल्लामा सरकारी ठेक्कामा सञ्चालित रक्सी गाउँ गाउँ पुऱ्याएर कमिसनको खेलो हुन्थ्यो । त्यो पञ्चायती स्थानीय शोषकहरुको आम्दानीको श्रोत पनि थियो । त्यसैको विरोधमा गलकोटका कम्युनिष्टहरुको पहलमा रक्सी विरोधी आन्दोलन अगाडि बढेको र सोही आन्दोलनमा लागेको आरोपमा दलवहादुर के.सी., धनवहादुर थापा र उपेन्द्रराज शास्त्रीलाई मुद्धा चलाईएको पाईन्छ ।
- बहुदलीय व्यवस्था स्थापना पश्चात् जिल्लाको बुर्तिबाङमा भूमिराज शर्माको हत्या भयो भने ज्यामिरघाट काण्ड प्रहरी निरिक्षक हत्याको अभियोगमा नेकपा मसालका नेता कार्यकर्ताहरू विरुद्ध जिल्लामा प्रशासनिक एवं दमन तिव्र रुपमा अगाडि बढ्यो । स्थानीय निकायको निर्वाचन २०४९ मा गिरिजा सरकारको विरुद्धको आन्दोलन र कर्मचारी आन्दोलन शसक्त रुपमा अगाडि बढेका थिए । कर्मचारी आन्दोलनको क्रममा नोगेन्द्र सापकोटा, चन्द्र खड्का, पदम श्रीस र पिङ्गल गौतम निश्कासनमा परेका थिए भने आन्दोलनपश्चात निलम्वन खारेज भएको थियो ।
- सशस्त्र द्वन्दको सिलसिलामा यस जिल्लामा राज्यपक्षद्वारा ९६ जना, माओवादीद्वारा १९, दोहोरो भिडन्तमा १५ जना, अज्ञात समूहबाट २ जनाको मृत्यु भएको छ, १८ जना वेपत्ता छन् र ३ जना अपाङ्ग रहेको पाईन्छ ।
- प्रतिनिधिसभा निर्वाचन-२०४८(२४.८५ प्रतिशत), प्रतिनिधिसभा निर्वाचन-२०५१(४६.२९ प्रतिशत) आमनिर्वाचन-२०५६(५५.७३ प्रतिशत) र संविधानसभा निर्वाचन-२०६४(७१.७२ प्रतिशत) मा जिल्लामा कम्युनिष्टहरुले प्राप्त गरेको मत प्रतिशतको क्रमशः वृद्धिलाई विश्लेषण गर्दा पनि वास्तवमा जिल्लामा कम्युनिष्टप्रति जनताको आकर्षण कस्तो रहेको छ र त्यो कसरी वढ्दै छ ? भन्ने स्पष्ट हुन्छ । यसलाई मात्र हेर्दा पनि यस जिल्लामा कम्युनिष्टहरुले विस्तारै आफ्नो पकड जमाउदै गएको र उनीहरुको भविष्य उज्यालो भएको निष्कर्ष निकाल्न सकिन्छ ।
- जिल्लामा नेकपा (एमाले),एकीकृत नेकपा माओवादी,नेकपा-माओवादी,राष्ट्रिय जनमोर्चा नेकपा माले र नेकपा एकीकृतजस्ता कम्युनिष्ट पार्टीहरु आफ्नो सांगठनिक स्वरुप सहित क्रियाशिल रहेका छन् भने पेशा, व्यवसाय र नोकरीको सिलसिलामा अन्यत्रवाट जिल्लामा आई अस्थाई वसोवास गरेका र विशेसगरी कर्मचारी, सेना र प्रहरीहरुका कारण नेपाल मजदुर किसान पार्टी,नेकपा

संयुक्त,नेपाल साम्यवादी दललाई पनि संविधानसभामा समानुपातिक तर्फ थोरै मत प्राप्त भएको पाईन्छ ।

अन्त्यमा, बागलुङमा विभिन्न उतारचढावका बीच कम्युनिष्ट आन्दोलन घनिभूत रुपमा विकास हुँदै आइरहेको ,जिल्लामा नेकपा (एमाले), एनेकपा (माओवादी), नेकपा (मसाल), नेकपा (एकीकृत) र नेकपा (माले) क्रियाशिल रहेका, जिल्लाको झण्डै दुई तिहाई जनमत कम्युनिष्ट सिद्धान्त र नीतिप्रति आवद्ध र क्रियाशील रहेको  निष्कर्ष सहित सामन्तवाद एवं साम्राज्यवाद विरोधी आन्दोलनको अगुवाई गर्ने सशक्त र जुझारु शक्ति, हजारौं जनताका घर र झुपडीहरुको नेतृत्वदायी शक्तिको आस्थापुञ्ज बनेको कम्युनिष्ट आन्दोलनले शान्ति र संविधानलाई सुनिश्चित गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै न्याय, समानता, स्वतन्त्रता र राष्ट्रिय मुक्ति आन्दोलनको अगुवा दस्ताको रुपमा आफुलाई व्यवहारमै उतार्नुपर्ने निष्कर्ष पनि शोध अनुसन्धानको रहेको छ ।

## कृतज्ञता ज्ञापन

नेपालको समग्र कम्युनिष्ट आन्दोलनमा वागलुङ जिल्लाको कम्युनिष्ट आन्दोलनको भूमिका वारेमा अध्ययन गर्ने उत्सुकता मेरो मनमा अलि पहिलादेखि नै जागेको थियो । यसै परिप्रेक्ष्यमा त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमको सेरोफेरोमा रहि **नेपालमा कम्युनिष्ट आन्दोलन : बागलुङ जिल्ला एक अध्ययन** विषयको सोधपत्र राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नको निमित्त तयार गरेको छु । सर्वप्रथम म सोधपत्र लेखनको प्रारम्भदेखि अन्त्यसम्म आवश्यक सल्लाह,सुझाव एवं सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति र संघसंस्थाप्रति हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमुल्य सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने मेरा आदरणीय गुरु शोध निर्देशक तथा विभागीय प्रमुख अग्नीधर पौडेल र अर्का मेरा आदरणाीय गुरु तथा अनुसन्धान संयोजक डा.उमानाथ वरालप्रति हार्दिक हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै अध्ययन कार्यमा मलाई अविच्छिन्न रुपमा प्रेरणा र सहयोग प्रदान गर्नुहुने मेरा परिवारजन एवं साथीहरुप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यस्तै शोत्रपत्र तयार एवं अध्ययनको सिलसिलामा मलाई सहयोग गर्नुहुने पृथ्वीनारायण क्याम्पस,पोखरा,राजनीतिशास्त्र विभागका सम्पूर्ण मेरा आदरणीय गुरुहरु,अध्ययनका क्रममा उत्तरदाताको रुपमा सहयोग गर्नुहुने आदरणीय मेरा अग्रजहरु,राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रमुख एवं प्रतिनिधिहरु ल्गायत सवैप्रति हार्दिक आभारी छु । प्रस्तुत शोधपत्रको मस्यौदाउपर मिति २०६९ भाद्र २६ गते राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पसमा भएको मौखिक परिक्षामा प्राप्त सुझाव र टिप्पणी समेतलाई संलग्न गरी यो अन्तिम स्वरुपको शोधपत्र तयार पारेको छु । तसर्थ उक्त अन्तवार्तामा सहभागी भई महत्वपूर्ण सुझाव र टिप्पणीहरु प्रदान गर्नुहुने सम्पूर्ण विज्ञ तथा विशेषज्ञहरुप्रति समेत हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यो शोधपत्र डिजाईन तथा वाइण्डिङ गरी सहयोग गर्ने मेरा मित्र कृष्ण शर्मालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै शोधको प्रुफ रिडिङका लागि विष्णु नेपालीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छ ।

..............................

गोविन्दवहादुर नेपाली
शोधकर्ता
राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस,पोखरा

# विषय-सूची


*आवरणपृष्ठ*
*सिफारिसपत्र*
*स्वीकृतिपत्र*
*सोधसार*
*कृतज्ञता*
*विषयसूची*

**शीर्षक** **पृष्ठ**

**अध्याय एक**

**शोधको परिचय** **१-१४**

क.पृष्ठभूमि
ख.समस्या कथन
ग.उद्देश्यहरु
    १.विशेष उद्देस्यहरु
घ.शोध विधि
    १.प्राथमिक स्रोत
    २.तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण
ङ.पूर्व साहित्य समिक्षा
च.शोधको औचित्य र महत्व
छ.शोधको सीमा
ज.शोधको संरचना/संगठन
झ.शोधको समयावधी

**अध्याय दुई**

**राजनैतिक दल सम्वन्धी सैद्धान्तिक अवधारणा** **१५-४२**

क.राजनैतिक दलको अर्थ
ख.राजनीतिक दलको प्रकार
    १.एकदलिय व्यवस्था या प्रणाली
    २.दुई दलिय व्यवस्था
    ३.वहुदलिय व्यवस्था
ग.विश्वमा राजनैतिक दलको उत्पत्ति र विकास
    १.संस्थागत सिद्धान्त
    २.ऐतिहासिक संकट सिद्धान्त
    ३.विकासवादी सिद्धान्त
घ.राजनैतिक दल र जनसहभागिता
    १.पार्टी र राजनीतिक शक्ति

२.शक्ति र प्रतिनिधित्व
३.शक्तिमा सहभागिता:
ङ विश्वमा कम्युनिष्ट अवधारणा र कम्युनिष्ट आन्दोलन
१.कार्लमार्क्स
२.कम्युनिष्ट घोषणापत्र (सन १८४८)
२.१ घोषणापत्रका सामान्य विशेषताहरु
३.साम्यवाद
४.पेरिस कम्युन
४.१ पेरिस कम्युन सम्वन्धमा मार्क्सको प्रतिक्रिया तथा कामहरु
४.२ पेरिस कम्युनका महत्वपुर्ण कामहरु
४.३ पेरिस कम्युनको अन्त्य
४.४ पेरिस कम्युनवाट लिनुपर्ने शिक्षा
४.५ पेरिस कम्युनका त्रुटी तथा समस्याहरु
४.६ पेरिस कम्युन असफलताका कारणहरु
५.रुसी अक्टोवर क्रान्ति
५.१ वोल्सेभिक-मेन्सेभिक विवाद
६.चिनियाँ जनवादी क्रान्ति
७.सर्वहारावर्गको राजनीतिक पार्टी
८.राज्यसत्ता सम्वन्धी मार्क्सवादी अवधारणा
९.एसियामा कम्युनिष्ट आन्दोलनको उद्भव र विकास
**अध्याय तीन**
**नेपालमा कम्युनिष्ट पार्टीको विकास** ४३-७५
क.पार्टी गठनको ऐतिहासिक पृष्ठभूमि
१.आधार र प्रेरणाका श्रोत
ख.नेपालमा साम्यवादी आन्दोलनको पृष्ठभूमि
ग.नेपाल कम्युनिष्ट पार्टीको स्थापना
१.पार्टी घोषणापत्रको शिरमा अंकित पार्टीको परेड गीत
२.पार्टीको १२ वुंदे घोषणा पत्र
३.नेपाल कम्युनिष्ट पार्टीको पहिलो विधानको प्रस्तावनावाट
४.नेपाल कम्युनिष्ट पार्टीको गठन वारे पुष्पलाल
५.पार्टी गठनवारे ने.क.पा.को घोषणा पत्र
घ.नेपाल कम्युनिष्ट पार्टीको गठन प्रक्रिया

ङ.नेपालमा कम्युनिष्ट राजनीतिक दलहरुको संक्षिप्त ईतिहास
१.नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी)

१.१ झापा विद्रोह
१.२ पार्टीको प्रथम सम्मेलन
१.३ पार्टीको प्रथम महाधिवेशन
१.४ दोस्रो सम्मेलन
१.५.पार्टीको दोस्रो महाधिवेशन
१.६ दरभंगा प्लेनम
१.७ पार्टीको तेस्रो महाधिवेशन
१.८ तेस्रो सम्मेलन
१.९ चौंथो सम्मेलन
१.१० पार्टीको चौथो महाधिवेशन
१.११नेकपा मालेको गठन
१.१२ नेकपा मालेको चौथो महाधिवेशन
२.नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी )
२.१ नेकपा एमालेको पाँचौ महाधिवेशन ( एकता महाधिवेशन )
२.२ नेकपा एमालेको छैठौं महाधिवेशन
२.३ नेकपा एमाले विभाजन र एकिकरण
२.४ एकिकरणसँगै नेकपा माले गठन
२.५ नेकपा एमालेको सातौं महाधिवेशन
२.६ नेकपा एमालेको आठौं महाधिवेशन
३.नेकपा मसाल
४.नेकपा माओवादी
५.नेकपा एकीकृत
६.अन्य कम्युनिष्ट पार्टीहरु
च.२०४६ सालमा गठित वाममोर्चामा सहभागी पाटीहरु.................
छ..संयुक्त राष्ट्रिय जनआन्दोलनको गठन २०४६ मा सहभागी पार्टीहरु
ज..कम्युनिष्ट पार्टीमा विभाजन,एकता र विभिन्न पार्टी समूहहरु
झ.२०४७ सालपछिका आम निर्वाचनमा कम्युनिष्टहरु
ञ.कम्युनिष्ट पार्टीको स्थापना पश्चात हालसम्मका महत्वपुर्ण उपलब्धीहरु
ट.कम्युनिष्ट आन्दोलनले गरेका महत्वपूर्ण योगदानहरु
**अध्याय चार**
**वागलुङ जिल्ला र कम्युनिष्ट पार्टीहरु** **७६-१०३**
क. बागलुङ जिल्लाको सामान्य परिचय
तालिका नं.१ :बागलुङ जिल्लाको जातिगत जनसंख्या विवरण
तालिका नं.२ :बागलुङ जिल्लाको जनसाँख्यिक स्थिति

ख.जिल्लाको नामाकरण सम्वन्धमा

ग.बागलुङमा आन्दोलन र संघर्षसँगै नेपाल कम्युनिष्ट पार्टीको उदय र विकास

घ.माओवादी सशस्त्र द्वन्द्व र बागलुङमा त्यसको असर

ङ. बागलुङ जिल्लामा क्रियाशिल कम्युनिष्ट पार्टीहरुको संक्षिप्त परिचय र गतिविधि

१.नेकपा (माले)

२.नेकपा (एमाले)

३.नेकपा मशालदेखि एकीकृत नेकपा माओवादीसम्म

४.नेकपा-माओवादी

५.नेकपा मसाल र यसको चुनावी मोर्चा राष्ट्रिय जनमोर्चा

६.नेकपा एकीकृत

७.वागलुङमा अन्य कम्युनिष्ट पार्टीहरु

च.बागलुङमा कम्युनिष्ट पार्टीको निर्वाचन स्थिति

१.विभिन्न निर्वाचनमा बागलुङमा क्रियाशिल कम्युनिष्ट पार्टीहरुले प्राप्त गरेको मत

२.संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ अन्य कम्युनिष्ट पार्टीलाई प्राप्त मत

३.मत विश्लेषण

**अध्याय पाँच**

**सारसंक्षेप** **१०४-११५**

क.निष्कर्ष

ख.निचोड

ग.सुझाव

**सन्दर्भ सामग्री** ११६-११७

**अनुसूची १ : सुचनादाताहरुको नामावली** **११८**

**अनुसूची २ : वागलुङ जिल्लाको नक्शा** ११९

**अनुसूची ३ : कम्युनिष्ट पार्टी विभाजन चक्र** **१२०-१२१**